मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २८ ◆ अङ्क : ३२४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० असोज २४ गते बुधबार (Wednesday, Oct. 11 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

घुस लिने भूमि आयोगका तीन कर्मचारी पक्राउ

झापा, असोज २३। झापामा भ्रष्टाचारको अभियोगमा तीन कर्मचारी पक्राउ परेका छन् ।

भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि झापाको हल्दिबारीमा खटिएका राष्ट्रिय भूमि आयोगमा कार्यरत तीनैजनालाई प्रहरीले पक्राउ गरेको हो ।

प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलका अनुसार आयोगबाट काजमा खटिएका भूमि आयोगका कर्मचारी

(बाँकी अन्तिम पृष्ठमा)

इलामका १० नेपाली सिक्किममा बेपत्ता

झापा, असोज २३। इलामबाट गएका १० जना नेपाली भारतमा बेपत्ता भएका छन् ।

इलाम-९का नेपालीहरु गतअसोज १६देखि सिक्किममा बेपत्ता भएका प्रारम्भिक जानकारी आएको हो काम गर्न गएका उनीहरु असोज १७ गते टिष्टा नदीमा आएको बाढीपछि बेपत्ता भएको हुनसक्ने स्थानीयको भनाइ छ ।

स्थानीय विक्रमबाबु फियाकका अनुसार टिष्टामा आएको बाढीपछि उनीहरु आफन्तसँग सम्पर्कविहीन भएका हुन् । सरकारबाट तदारुकताका साथ खोजी गरिदिन परिवारको आग्रह छ ।

बेपत्ता हुनेहरुमा इलाम नगरपालिका-९का सानु भनिने सेनबहादुर कार्की, लाक्पा शेर्पा, नरमाया बस्नेत, खुशी बस्नेत, कुमार बस्नेतलगायतका रहेको इलामका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए । कार्की र शेर्पा बेपत्ता भएको विषयमा आफूलाई यसअघि नै जानकारीमा आएको भए पनि बस्नेतलगायत अन्यको विषयमा थाहा नभएको उनको भनाइ छ ।

दुई जनाको विषयमा बेपत्ता भएको जानकारीमा आएको र अन्यको विषयमा पछिल्लो समयमात्र जानकारी प्राप्त भएको उनले बताए । सिक्किमका मिडियामा खबर गरिसकेको प्रजिअ पोखरेलले बताए । बाढीका कारण त्यस स्थानमा पुग्न नसक्ने, टेलिफोन, विद्युत् सबै अवरुद्ध भएको कारण कसैसँग सम्पर्क स्थापित हुन नसकेको बताइएको छ ।

नेपालका तर्फबाट प्रमुख जिल्ला अधिकारीले त्यहाँका सुरक्षाकमीसँग कुराकानी भइरहेको जानकारी दिए । उद्धारमा भारतीय पक्ष समेत लागेको जानकारी आएको उनले बताए ।

कोशीमा थापाकै नेतृत्वमा सरकार बनाउने पहल

झापा, असोज २३। नेपाली कांग्रेसले कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापाको नेतृत्वमा सरकार बनाउने गरी निर्णायक पहल गर्ने विषयमा छलफल गरेको छ ।

मंगलबार बिहान सभापति शेरबहादुर देउवा निवास धुम्बराहीमा बसेको पार्टीको पदाधिकारी, पूर्वपदाधिकारी तथा प्रभावशाली नेताहरुको बैठकमा राप्रपाको समेत सहयोग लिएर सरकार बनाउन पहल गर्ने विषयमा छलफल भएको हो ।

छलफलबारे जानकारी दिँदै बैठकमा सहभागी पार्टी प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पार्टीभित्र पात्र फेरेर मुख्यमन्त्री बनाउने विषयमा छलफल नभएको जानकारी दिए ।

प्रदेश संसदीय दलका नेताको विकल्प खोजेर सरकार बनाउने कुरा अन्य दलले बजार हल्ला चलाएका हुन् । पार्टीभित्र यो विषयमा मतभेद छैन । संसदीय दलको नेताको विकल्प खोज्ने हैन कि अहिलेको गठबन्धनमा राप्रपालाई पनि लिएर सरकार बनाउन पहल गर्ने कुरा भएको छ- विश्वकर्माले भने- यो निर्णय गर्ने बैठक हैन । हामीले हाम्रै नेतृत्वमा सरकार

बनाउने गरी पहल अघि बढाउने छलफलको प्रारम्भिक चरण अघि बढाएका हौं ।

कांग्रेसको नेतृत्वमा सरकार बनाउन राप्रपासँग 'स्टेप बाई स्टेप' संवाद गर्ने तयारी भएको उनले जानकारी दिए । अगाडि राजनीतिक रुपले सरकार बने पनि प्राविधिक रुपमा हामी सफल भएनौं । हामीले धोका खायौं- उनले भने- धारा ५ मा कांग्रेसको सरकार बनाउने, गठबन्धन एक ढिक्का राख्ने र राप्रपासँग 'स्टेप बाई स्टेप' संवाद गरेर पार्टीको नेतृत्वमा सरकार बनाउने कुरा भएको छ ।

यस्तै, बैठकमा परारष्ट्रमन्त्री एनपी साउदले इजरायल घटनाको बारेमा जानकारी गराएको तथा नेपालीको उद्धारको विषयमा भएको काम र भइरहेको पहलबारे जानकारी गराएका थिए । बैठकमा संसदीय भूमिकामा कांग्रेस कसरी खरो उत्रने, विधेयकहरूलाई प्रभावकारी बनाउन कांग्रेसले खेल्ने भूमिकालगायत विषयमा छलफल भएको उनले जानकारी दिए ।

डेन्टल क्लिनिकमा प्रशासनको ताला

खोटाङ, असोज २३। जिल्ला प्रशासन कार्यालयले दिक्तेल बजारमा अवैध तरिकाले सञ्चालन गरिएको न्यू हलेसी डेन्टल क्लिनिक सिलबन्दी गरेको छ ।

दिक्तेल बजारको मानव अधिकारचोक नजिकै वेदनारायण साह तेलीले मापदण्ड तथा प्रक्रिया पूरा नगरी सञ्चालन गरेको उक्त क्लिनिकमा ताला लगाइएको हो ।

उक्त डेन्टलले बिना इजाजत न्यूनतम् मापदण्ड पनि पूरा नगरी काम गरिरहेको पाइएपछि सिल गरिएको सहायक प्रमुख जिल्ला अधिकारी पवित्रप्रकाश साहले जानकारी दिए । गत साउन ९ गते गरिएको बजार अनुगमनका क्रममा त्रुटि गरेको पाइएपछि सच्याउन निर्देशन दिएको लामो समयपछि पनि आवश्यक प्रक्रिया पूरा गरिएका कारण क्लिनिक सिल गरिएको जनाइएको छ ।

दाँतको स्किनिङ, स्केलिङ र हल्लिएको दाँत फुकाल्न पाउने इजाजत पाएको डेन्टल क्लिनिकमा जोखिम मोलेर दन्त चिकित्सकले गर्ने सम्पूर्ण उपचार नै गरेको पाइएको थियो । तेलीलाई दन्त चिकित्सक राखेर डेन्टल चलाउन दिइएको अन्तिम चेतावनी पालना नभएको पाइएकाले सिल गरिएको सहायक प्रजिअ साहको भनाइ छ ।

उक्त क्लिनिकमा बिनास्वीकृति र बिनाजनशक्ति दाँतको आरसिटी गर्दै सेवाग्राहीबाट रकम असुल्ने गरेको अनुगमन टोलीले जनाउनाका साथै दन्त चिकित्सक नराखेको, डेन्टल एक्स-रे र कुर्सी एकै ठाउँमा राखिएको, डेन्टल चेयर काम नलाग्ने भएको, हातधुने बेसन नभएको, क्लिनिकको भवन मापदण्डअनुसार नभएको पाइएको उल्लेख गरिएको छ ।

तेलीकै नाममा रहेको ॐ हलेसी मेडिकेयर क्लिनिक पनि दर्ता बिना नै सञ्चालन गरेको पाइएपछि औषधि व्यवस्था विभागले गत चैत २३ गते सिल गरेर स्वास्थ्य कार्यालयबाट

(बाँकी अन्तिम पृष्ठमा)

स्थानीय तहका कर्मचारी 'पेन डाउन'मा

भगीरथ भण्डारी

इलाम, असोज २३। स्थानीय तहका कर्मचारीहरुले प्रस्तावित निजामति सेवा ऐनको मस्यौदाप्रति असन्तुष्टि जनाउँदै पेन डाउन गरेर आन्दोलनमा उत्रिएपछि कार्यालयको सेवा ठप्प भएको छ ।

स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा र वृत्तिविकासको सुनिश्चितता नभएको र स्थानीय सेवाका कर्मचारीहरुलाई निजामतिको परिभाषामा नसमेटिएको भन्दै प्रस्तावित ऐनप्रति असन्तुष्टि जनाउँदै आन्दोलनमा उत्रिएपछि कार्यलयको सेवा ठप्प भएको हो ।

इलामका चार वटा नगरपालिका र छ वटा गाउँपालिकामा कार्यरत कर्मचारी आन्दोलनमा उत्रिएपछि अत्यावश्यक बाहेकका सबै काम ठप्प भएका छन् । कर्मचारीहरुले प्रत्येक पालिकामा संघर्ष समिति बनाएरै आन्दोलनमा उत्रिएका छन् । जिल्लाको इलाम, देउमाई, माई र सूर्योदय नगरपालिकामा काम ठप्प छ भने माइसेबुङ फाकफोकथुम, सन्दकपुर, माईजोगमाई, रोङ र चुलाचुली गाउँपालिकाको काम पनि ठप्प छ । चाडबाडको मुखमा कर्मचारी आन्दोलनमा उत्रिरहँदा कर्मचारीसँग वार्ता गरेर काममा फर्कने वातावरण

(बाँकी अन्तिम पृष्ठमा)

कनकाईमा धर्ना

झापा, असोज २३। स्थानीय तह कर्मचारी संघर्ष समितिद्वारा कनकाईमा अत्यावश्यक सेवा बाहेक सबै सेवा ठप्प पारेर धर्नामा बसेका छन् ।

केन्द्रीय आन्दोलनलाई सशक्त रुपमा अगाडि बढाउन अनिश्चितकालका लागि सेवा बन्द (पेन डाउन) गरेर विरोध स्वरूप धर्नामा उत्रिएको नगर संघर्ष समितिकि संयोजक जमुना कटुवालले जानकारी दिइन् ।

संघीय निजामती सेवा विधेयकको विभिन्न दफाहरु कर्मचारी मैत्री नभएको भन्दै संसदमा पेश हुन लागेको विधेयक स्थानीय तहका कर्मचारीको हकहित विपरीत भएकोले संशोधन हुनुपर्ने माग राखेर देशभरका पालिका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराएर नै यस्तो कदम चालेको बताइएका छन ।

'यसअघि उक्त समितिले कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेल, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेललाई छुट्टाछुट्टै ध्यानाकर्षणको लागि ज्ञापन पत्र बुझाइएको संयोजक कटुवालले जानकारी दिए ।

यता देशकै बन्द निषेधित नगर कनकाईमा

(बाँकी अन्तिम पृष्ठमा)

सुनसहित धामी पक्राउ

झापा, असोज २३। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पाँच सय १० ग्राम सुनसहित एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सिन्धुलीका नवराज धामी रहेका त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख डा. टोकराज पाण्डेले जानकारी दिए ।

उनका अनुसार मलेसियाबाट मलेसियन एयरलाइन्समा सोमबार काठमाडौं आएका धामीले टिभीको भित्रपट्टी लुकाईछिपाई ल्याएको उक्त सुन विमानस्थल भन्सार कार्यालयले पक्राउ गरेको हो । उक्त विषयमा आवश्यक अनुसन्धान शुरु भएको डा. पाण्डेले बताए ।

महिलामाथि खुकुरी प्रहार गरेपछि...

सुनसरी, असोज २३। इटहरी उपमहानगरपालिका-१७ मझौरा बस्ने ३२ वर्षीया कमला तामाङको हत्या गरेको अभियोगमा भोजपुर साल्पा सिलिचोक गाउँपालिका-९ बस्ने ४९ वर्षीय निमा तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

सामान्य विवादको क्रममा कमलालाई खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरीले निमालाई खुकुरीसहित पक्राउ गरेको हो । गम्भीर घाइते भएकी कमलाको धरान घोपा हुँदै न्यूरो अस्पताल विराटनगरमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

मानसिक स्वास्थ्य बारे परामर्श

सुरुङ्गा, असोज २३। रोटरी क्लब अफ सुरुङ्गाको आयोजनामा मानसिक स्वास्थ्य परामर्श कार्यक्रम सम्पन्न भएको छ ।

विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा सुरुङ्गास्थित कुमुदिनी होम्समा आयोजित कार्यक्रममा मनोविद् डा. श्रद्धा भण्डारीले सहजीकरण गरेकी थिइन् । हरेक वर्ष अक्टोबर १० लाई विश्व मानसिक स्वास्थ्य दिवसका रूपमा मनाइने गरेको छ । वितामोडस्थित बीएण्डसी अस्पताल र सुरुङ्गास्थित कनकाई नगर अस्पतालमा कार्यरत डा. भण्डारीले मानसिक रोग भयावह रूपमा बढ्दै गएको र आत्महत्या गर्ने दर पनि बढ्दै गएको बताइन् ।

उनले मानसिक रोग जैविक, वंशाणुगत, आर्थिक, सामाजिक, लागुपदार्थ दुर्व्यसन, अस्वस्थ प्रतिष्पर्धा, मनोवैज्ञानिक, शारीरिक पीडा, आम्दानी-खर्च असन्तुलन, घर वा कार्यालयको कार्यबोझ, चिन्ता, उदासीनता लगायत विविध कारणले हुनसक्ने भएकाले कुन कुन कारणले मानसिक स्वास्थ्यमा असर पुगेको हो पत्ता लगाउन जरुरी भएको बताइन् । 'मानसिक स्वास्थ्य विश्वव्यापी मानवअधिकार हो' भन्ने नाराका साथ यस पटकको विश्व मानसिक स्वास्थ्य दिवस मनाइँदै छ ।

मानसिक स्वास्थ्य ठीक राख्नका लागि मानिस सकारात्मक स्वार्थी हुन जरुरी रहेको डा. भण्डारीको भनाइ छ । शारीरिक व्यायाम, ध्यान, योग, सन्तुलित भोजन, सृजनशीलता, मनोरञ्जन, पूर्ण निद्रा हुनुपर्ने उनको भनाइ छ । लामो समयसम्म पनि मानसिक अवस्था ठीक हुन नसके विज्ञसँग सल्लाहका लागि जान डा. भण्डारीले सुझाइन् ।

रोटरी क्लब अफ सुरुङ्गाका अप्रेसिडेन्ट शिवकुमार कर्डेलको अध्यक्षतामा भएको कार्यक्रममा चार्टर प्रेसिडेन्ट एलपी उप्रेती, पूर्व अध्यक्षहरू कुमारमणि पोखरेल, खेमप्रसाद प्रसाईं, टीकाप्रसाद जमरकट्टेल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा

(बाँकी अन्तिम पृष्ठमा)

भारतबाट ल्याइएको माछा र कुखुरा नष्ट

अर्जुनधारा, असोज २३। सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प शनिश्चरेले भारतबाट अवैधरुपमा नेपाल भित्र्याएको ९० केजी माछा र ५८ वटा लोकल कुखुरा नष्ट गरेको छ ।

नष्ट गरिएको माछा र लोकल कुखुराहरु सशस्त्र प्रहरी सहायक निरीक्षक सिकेन्द्रप्रसाद कुँवर नेतृत्वको मोवाइल गस्ती टोलीले मंगलबार कनकाई-७स्थित दुर्गापुर चौकबाट बरामद गरेको हो । मे९प ३६०७ र मे४प ४६५० नम्बरको दुई वटा मोटरसाइकलमा लोड गरी ल्याउँदै गरेको अवस्थामा प्रसनि कुँवर नेतृत्वको मोवाइल गस्ती टोलीलाई देखेपछि चालकहरु भने फरार भएको बेसका प्रमुख प्रहरी नायव उपरीक्षक राजेश्वरप्रसाद साहले जानकारी दिए ।

बरामद गरिएका माछाहरुको अनुमानित बजार मूल्य ३६ हजार रुपैयाँ र लोकल कुखुराहरुको अनुमानित बजार मूल्य ३४ हजार आठ सय रुपैयाँ रहेको बताइएको छ । उक्त माछा र लोकल कुखुराहरु पशु क्वारेन्टाइन कार्यालय काँकडभिट्टाका प्रमुख मुकेशकुमार सिंह, शनिश्चरे प्रहरी चौकीका प्रहरी हवल्दार कमल अर्याल, नेपाल पत्रकार महासंघ झापाका सदस्य अमित खम्बू, स्थानीय बुद्धिलाल राजवंशीको उपस्थितिमा अर्जुनधारा-६स्थित बेस परिसरमा

(बाँकी अन्तिम पृष्ठमा)

करणी र मानव बेचबिखनका १७००० मुद्दा

झापा, असोज २३। पछिल्ला ५ आर्थिक वर्षमा देशभर मानव बेचबिखन, जबरजस्ती करणी र उद्योग, अपहरण तथा शरीर बन्धकका १७ हजारभन्दा बढी मुद्दा दर्ता भएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार आव ०७५/०७६ देखि गत आव ०७९/०८० सम्म १७ हजार १३१ मुद्दा दर्ता भएका छन् ।

यस्तै, पाँच आवमा अपहरण तथा शरीर बन्धकका ८७३ मुद्दा प्रहरीमा दर्ता भएका छन् । आव ०७५/०७६ मा १६३, व्यक्ति अपहरणमा ११५, अपहरण तथा जबर्जस्ती करणीका ४५ र अपहरण वा शरीर बन्धक कसुर उद्योगमा ३ मुद्दा दर्ता भएका थिए ।

त्यसैगरी आव ०७६/०७७मा अपहरण तथा शरीर बन्धक कसुरका घटना घटेर १३८ पुगेका छन्। सो आवमा अपहरण वा शरीर बन्धक सम्बन्धी १०१, अपहरण तथा जबर्जस्ती करणीका ३५ र अपहरण तथा कर्तव्यका २ वटा मुद्दा प्रहरीमा दर्ता भएका थिए । आव ०७७/७८ मा आउँदा त्यस्ता घटनामा वृद्धि भयो । सो आवमा कूल १७४ मुद्दा दर्ता भए । जस अर्न्तगत अपहरण वा शरीर बन्धकका १०५, अपहरण तथा जबर्जस्ती करणीका ६५ र अपहरण तथा कर्तव्यका ४ वटा मुद्दा दर्ता भएको प्रहरी तथ्यांक छ ।

यसैगरी, आव ०७५ देखि ७८ सालसम्मको घटनाक्रम हेर्दा आव ०७८/०७९मा यस्ता घटना बढेर २०८ पुगेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। जसअर्न्तगतअपहरण वा शरीर बन्धकका १३२, अपहरण तथा जबर्जस्तीका ७२ र अपहरण तथा कर्तव्य मुद्दामा ४ भएका थिए ।

आव ०७९/०८०मा भने यस्ता प्रकृतिका घटनामा केही कमी देखिएको छ । सो आवमा यस्ता मुद्दा १९० पुगेको प्रहरीको तथ्यांक छ । सो आवमा अपहरण वा शरीर बन्धकमा १२८, अपहरण तथा जबर्जस्तीमा ५९ र अपहरण तथा कर्तव्यमा ३ मुद्दा दर्ता भएका थिए । आव २०७५/०७६देखि गत आवसम्म देशभर मानव बेचबिखन सम्बन्धी ८३० मुद्दा दर्ता भएको प्रहरी कार्यालयले जनाएको छ । त्यसैगरी, आव ०७५/०७६ मा २५८, २०७६/०७७ मा १३६, ०७७/०७८ मा १३४, ०७८/०७९ मा १४५ र ०७९/०८०मा १५७ मुद्दा दर्ता भएका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

द्वन्द्वकालमा यौनहिंसामा परेकाले उजुरी दिन पाउने

झापा, असोज २३। सशस्त्र द्वन्द्वकालमा जबर्जस्ती करणी र गम्भीर यौनजन्य हिंसामा परेकाले उजुरी दिन पाउने भएका छन् ।

कानून, न्याय तथा मानव अधिकार समितिबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सम्बन्धमा गठित उपसमितिले सशस्त्र द्वन्द्वकालमा यौनहिंसामा परेका व्यक्तिलाई उजुरी दिन तीन महिनाको समय प्रबन्ध गर्ने विषयमा सहमति जुटेको हो ।

यसअघि सरकारले ल्याएको विधेयकमा यो विषय

(बाँकी अन्तिम पृष्ठमा)

साथै, पछिल्ला पाँच आवमा जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योगका १५ हजार ४२८ मुद्दा दर्ता भएका थिए । यीमध्ये आव ०७५/०७६ मा ३ हजार ९२, ०७६/०७७ मा २ हजार ८६८, ०७७/०७८ मा ३ हजार ३४९ दर्ता भएको तथ्यांकले देखाउँछ ।

त्यस्तै, ०७८/०७९मा ३ हजार १४० मुद्दा प्रहरीमा दर्ता भएका थिए । जस अर्न्तगत जबर्जस्ती करणीमा २३८०, मानव बेचबिखन गरी जबर्जस्ती करणीमा २३, अपहरण गरी जबर्जस्ती करणीमा ७२ मुद्दा प्रहरीमा दर्ता भएका थिए । त्यस्तै जबर्जस्ती करणी गरी कर्तव्य ज्यानमा ९, बालविवाह गरी जबर्जस्ती करणीमा १ र जबर्जस्ती करणी उद्योगमा ६५५ मुद्दा दर्ता भएको प्रहरी प्रधान कार्यालयको तथ्यांकले जनाएको छ ।

आव ०७९/०८० मा पनि जबर्जस्ती करणीका मुद्दामा केही कमी आएको थियो । सो आवमा २ हजार ९७९ मुद्दा दर्ता भएका थिए । केन्द्रीय प्रहरी प्रवक्ता एवम् सूचना अधिकारी कुवेर कडायतका अनुसार चोरी मानव बेचबिखन, अपहरण शारीरिक बन्धकजस्ता घटना आर्थिक तथा दुस्मनीका कारण हुने गर्छन् । केही व्यक्तिलाई झुटा आश्वासन दिएर पनि यस्ता गतिविधिमा संलग्न

(बाँकी अन्तिम पृष्ठमा)

बिर्तामोडमा द मोमो फ्याक्टोरी

बिर्तामोड, असोज २३। झापाको बिर्तामोडस्थित शनिश्चरे रोडमा द मोमो फ्याक्टोरी सञ्चालनमा आएको छ ।

काठमाडौंको बौद्धमा मुख्य कार्यालय रहेको मोमो फ्याक्टोरीको बनेपामा दुई वटा, इटहरी र बिर्तामोडमा गरी पाँचवटा स्थानबाट सेवा लिन सकिने सञ्चालकमध्येका तुलसीप्रसाद उप्रेतीले जानकारी दिए । ३६ वटा मोमोका परिकार पाइने उक्त मोमो फ्याक्टोरी सञ्चारकर्मी टीकाराम नेती, राज फुँयाल, तुलसीप्रसाद उप्रेती, मोहनकुमार श्रेष्ठलगायतले एक करोड बढीको लगानीमा सञ्चालनमा ल्याएको बताइएको छ ।

नेपालमै पहिलोपटक 'लाइभ किचन' सहितको मोमो फ्याक्टोरी सञ्चालन गरिएको सञ्चालकहरुको दाबी छ । सबै होटल तथा रेष्टुरेन्टमा पाइने परिकार उक्त मोमो फ्याक्टोरीमा पाइने तर, त्यहाँ पाइने परिकार अन्य स्थानमा नपाइने सञ्चालक तथा बिर्तामोडका मुख्य सेफ मोहनकुमार श्रेष्ठले जानकारी दिए ।

राई मृत फेला

झापा, असोज २३। झापाको दमकमा एक महिलाको शव फेला परेको छ ।

दमक नगरपालिका-२स्थित हम्सेदुम्से सामुदायिक वनभित्रको रतुवा घाट नजिकै इलाम चुलाचुली गाउँपालिका दाहालडाँडा निवासी ६० वर्षीया रत्नाकुमारी राई मृत फेला परेकी हुन् ।

सोमवार घरबाट निस्किएकी उनी मृत भेटिएकी थिइन् । मंगलबार बिहान जंगलमा घाँस काट्न गएकी महिलाले शव देखेपछि होहल्ला गर्दै प्रहरीलाई खबर गरेका थिए ।

निर्यातमुखी कृषिमा जोड

गौरादह, असोज २३। नेपाली काङ्गेस झापाका सचिव कृष्ण हुमागाँईले निर्वाहमुखी कृषि प्रणालीलाई निर्यातमुखी बनाउन सके मात्र राष्ट्रिय अर्थतन्त्रमा सुधार ल्याउन सकिने बताएका छन् ।

नेपाल विद्यार्थी संघ गौरादह कृषि क्याम्पस समितिद्वारा बिएसीएजी चौथो बर्षका छात्रछात्रलाई बिदाई तथा बडा दशैको उपलक्ष्यमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै सचिव हुमागाँईले दक्ष जनशक्तिलाई कृषिमा लगाउन राज्यले नीति नै बनाउनु पर्नेमा जोड दिए ।

गौरादह कृषि क्याम्पसका नेबिसंघ सभापति जीवन न्यौपानेको सभापतित्वमा स्थानीय वीपी भवनमा आयोजित कार्यक्रममा नेबिसंघ झापा सभापति सञ्जय निरौला, गौरादहका पूर्वमेयर रोहित साह, क्याम्पस प्रमुख सुबोध खनाल, गौरादह कृषि क्याम्पस प्राध्यापक संघका सभापति सन्तोष खनाल, नेपाली कांग्रेस गौरादहका कार्यवाहक सभापति गोपाल कोइराला, पूर्वसभापति बाबुराम नेपाल, स्ववियु पूर्व सभापति महेन्द्र भट्टराई लगायतले मन्तव्य राखेका थिए । कार्यक्रम सञ्चालन रेजिना ढुङ्गाना र सशांक यादबले गरेका थिए ।

करणी ...

गराइएको छ । त्यस्ता गतिविधि घटना रोकथामका लगि जनचेतना तथा सजकता लागि प्रहरी लागिपरेको उहाँको भनाइ छ । 'जबर्जस्ती करणीमा मायाजालमा फसायो, लिभिङ टुगेदर बस्दा केही सबन्धमा विवाद उत्पन्न भई तथा परिवारको अस्वीकार, जात इत्यादिका कारण पनि यस्ता घटना भएका छन्'- कडायत भन्छन्- 'अहिले सोसल मिडिया एक्सेसका कारण पनि जबर्जस्ती करणीका घटना बढेका हुन् ।'

अधिवक्ता पुष्पा पौडेल भने चिनजानकै मान्छेबाट महिला शोषणमा पर्ने गरेका बताउँछिन् । 'पछिल्लो समय जबर्जस्ती करणीका मुद्दा बढेका छन्'- पौडल भन्छिन्- 'यस्ता अपराधिक गतिविधिमा शिक्षक, डाक्टर, कलेजका सहायक प्रधानाध्यापक, वार्डेन, तथा नजिकैका आफन्तबाट पनि महिला शोषण हुने गरेका छन् ।'

प्रलोभनमा पारी, नातागोताको विश्वास जितेर त्यसैको फाइदा उठाउने, पढ्न बसेको होस्टेलमा शिक्षक वार्डेन, रिलेसनमा बसेका डाक्टर र कलेज पढ्ने महिलाजस्ता अनेक प्रविधिले यस्ता घटना बढेको अधिवक्ता पौडेलको ठहर छ । यस्ता घटना हुन नदिन आफू पनि सतर्क हुनुपर्ने र घरमा पनि यसबारे शिक्षा दिनुपर्ने पौडेलको भनाइ छ ।

भारतबाट ...

नष्ट गरिएको हो । यता नियन्त्रणमा लिइएको दुवै मोटरसाइकललाई सम्बन्धित निकायमा अनुसन्धानका लागि पठाइने बताइएको छ ।

डेन्टल ...

अनुमति लिएर मात्रै सञ्चालन गर्न चेतावनी दिएको छ । फार्मेसी पढेकाले मात्रै औषधि बिक्री गर्न पाइने भए पनि सो मेडिकेयर क्लिनिकमा फर्मासिष्ट वा फार्मेसी सहायकबिना नै औषधि बिक्रीवितरण हुँदै आएको पाइएको छ ।

यस्तै न्यू हलेसी मेडिकेयर क्लिनिक एन्ड मन्सुना फार्मेसीले पनि अवैध रुपमा रेबिजविरुद्धको भ्याक्सिन राखेको भेटिएको छ । चिकित्सकको प्रेस्क्रिप्सनबिना चलाउन नपाइने रेबिज भ्याक्सिन डोमेस्टिक फ्रिजमा राखेको पाइएको सहायक प्रजिअ साह बताउँछन् ।

फार्मेसी सञ्चालक महेशप्रसाद साहले थाहा नभएर रेबिजविरुद्धको भ्याक्सिन राखेको जवाफ दिएको पनि सोही क्लिनिकमा मुटुको बिरामीले प्रयोग गर्ने औषधिहरु पनि भेटिएको अनुगमन टोलीले जनाएको छ । आसन्न चाडबाडलाई लक्ष्य गरेर जिल्ला प्रशासनले आइतबारदेखि जिल्लामा सञ्चालित हाटबजार, खुद्रा तथा होलसेल पसल, फार्मेसी एवम् क्लिनिकहरुमा कडाइका साथ अनुगमन शुरु गरेको छ ।

अनुगमनका क्रममा भेटिएका अखाद्यवस्तु बरामद गर्नाका साथै सञ्चालकलाई सजग गराउने काम भइरहेको अनुगमन टोली संयोजक एवम् सहायक प्रजिअ साह बताउँछन् ।

मानसिक ...

रामप्रसाद निरौला, लीलाराज झापाली, अर्जुन बोहोरा, प्रताबबाबु जमरकट्टेल लगायतले मानसिक स्वास्थ्य सम्बन्धी जिज्ञासा राखेका थिए । कार्यक्रमको सञ्चालन क्लबका सचिव बिनिता मैनालीले गरेकी थिइन् ।

स्थानीय ...

बनाउन सरकार लाग्नुपर्ने स्थानीयको भनाइ छ ।

प्रस्तावित ऐनमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई विभेद गरिएको भन्दै आन्दोलनमा उत्रिन बाध्य भएको फाकफोकथुम गाउँपालिका संघर्ष समितिका संयोजक माधव दहालले बताए । उनले प्रस्तावित ऐनमा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा भन्ने शब्द राखी विभेदकारी नीति निर्माण गर्न लागेको कर्मचारीहरुको आन्दोलनमा उत्रिन बाध्य भएको बताए । माईजोगमाई गाउँपालिका संघर्ष समितिका सचिव अशोक लिम्बूले स्थानीय तहका कर्मचारीहरुले अत्यावश्यक सेवा बाहेकका अन्य सबै सेवाहरु बन्द गरी आन्दोलन गरिरहेको बताए ।

केन्द्रमा शान्तिपूर्ण आन्दोलन हुँदा प्रहरीले हस्तक्षेप गरेको विषयमा घोर भर्त्सना गर्दै कर्मचारीका माग पूरा नभएसम्म आन्दोलनबाट पछि नहट्ने इलाम नगरपालिका संघर्ष समिति संयोजक लुना खतिवडाले बताइन् । इलामका पालिकामा कार्यरत कर्मचारीहरुले हातमा कालोपट्टी बाँधेर पेनडाउन गरेका छन् भने जिल्लाबाट केन्द्रीय समितिको आन्दोलनका कार्यक्रमा सहभागी हुन कर्मचारी गएका छन् ।

आन्दोलनरत् कर्मचारीहरुले संघीय निजामती सेवा ऐन नभई एकीकृत निजामती सेवा ऐन ल्याएर, तीन तहकै सरकारका क्रियाकलापहरुमा समेत नियमन, नियन्त्रण र रेखदेख गर्ने संवैधानिक निकायहरुमा कर्मचारीहरु खटाउँदा संघीय निजामती सेवाबाट नभई छुट्टै सेवा गठन हुनुपर्ने, प्रमुख प्रशासकीय अधिकृत लोकसेवा आयोगबाट सिफारिस भएकै मध्येबाट रहनेगरी स्थानीय निजामती सेवाकै कर्मचारी हुने व्यवस्था गर्नुपर्ने, सरुवा प्रणालीलाई सहमतिको आधारमा नभई अनुमानयोग्य र चक्रिय प्रणालीको आधारमा हुनुपर्ने साथै विशेष परिस्थितिमा प्रदेशहरुको समन्वयमा अन्तरप्रदेश सरुवाको समेत प्रबन्ध हुनुपर्ने माग गरेका छन् ।

त्यसैगरी सबै तहको एकीकृत कार्यसम्पादन मूल्याङ्कन फारमको ढाँचाँ लागू हुनुपर्ने, निजामती अस्पतालमा सबै तहका कर्मचारीहरुलाई समेट्नुपर्ने वा प्रदेश निजामती अस्पतालको व्यवस्था गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको सेवा सुविधा र वृत्ति विकास सम्बन्धमा विभेद नभई समानता हुनुपर्ने, तीनै तहमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि सेवामा प्रवेश गर्दा उमेर हद लगाउनु नहुने र एक तहबाट अर्कै तहमा सेवा प्रवेश गर्दा सेवा अवधि गणना गर्नुपर्ने माग छ ।

निजामती सन्तति शैक्षिक छात्रवृत्तिमा स्थानीय निजामती सेवाका कर्मचारीहरुका सन्ततिले समेत पाउने, योगदानमा आधारित निवृत्तिभरण कोष, उपदान कोष र अवकास कोष जस्ता कोषहरु संघ वा प्रदेश सरकारको मातहतमा राखी स्थानीय तहहरुले नियमित दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने, उपसचिव तथा सहसचिव पदमा खुला प्रतिस्पर्धाको व्यवस्था राखिनपर्ने, ट्रेड युनियनको अधिकार सबै सेवाको लागि एकरुपता हुने गरि कानून जारी हुनुपर्ने, ऐन निर्माणको चरणमा सबैतहसँग अनिवार्य समन्वय हुनुपर्ने र स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको पूर्ण सुरक्षाको प्रत्याभूति हुनुपर्ने माग गरेको छ ।

त्यस्तैगरी प्रदेश लोक सेवा आयोगबाट सिफारिस कर्माचारीहरुको संकेत नम्बर दर्ता गर्न र वार्षिक रुपमा सम्पत्ति विवरण पेश गर्ने प्रदेश निजामति किताबखाना तत्काल स्थापना गर्नुपर्ने, सेवाप्रवेश तालिम र सेवाकालिन तालिम अनिवार्य र नियमित गर्नुपर्ने, बैदेशिक अध्ययनका लागि नेपाल सरकारको कोटामा स्थानीय निजामती सेवाका कर्मचारीहरुको लागि निश्चित प्रतिशत सुनिश्चित गर्नुपर्ने, सर्वोत्कृष्ट निजामती पुरस्कार र उत्कृष्ट निजामती पुरस्कारका लागि स्थानीय निजामति सेवाबाट पनि छनौट हुने व्यवस्था गर्नुपर्ने माग गरेको छ ।

घुस ...

मोहन नेपाल, विवेक पोखरेल र कमल खनाललाई पक्राउ गरिएको हो । हल्दिबारी-१ का गणेशप्रसाद पौडेलको भोगचलनमा रहेको १२ कट्ठा ऐलानी जग्गाको मोठ कायम गरिदिने भन्दै घुसवापत रु. ४० हजार रकम लिएको आरोपमा तीन जनालाई प्रहरीले पक्राउ गरेको हो ।

प्रजिअ पोखरेलका अनुसार जग्गाको नापी गर्दा लाग्ने राजश्व रकम बैंकमा बुझाउन लगाएपछि आयोगका ती कर्मचारीले रु. ४० हजार नगद नै लिएका थिए । उनीहरुलाई जिल्ला प्रहरी कार्यालयको टोलीले रकमसहित पक्राउ गरेको हो । पीडित पौडेलले घुस लिएका कर्मचारीविरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका छन् । प्रहरीले पक्राउ परेका सबै कर्मचारीको बयान लिएर अनुसन्धान कार्य अघि बढाएको जनाएको छ ।

द्वन्द्वकालमा ...

समेटिएको थिएन । समितिलाई उपसमितिले मंगलबार बुझाएको प्रतिवेदनमा भनिएको छ'- अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भए पछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गरी आयोगले उजुरी माग गर्नेछ ।'

१० वर्षे सशस्त्र द्वन्द्वकालका क्रममा करिब ३ हजार महिला बलात्कारमा परेको जनाइएको छ । यौनहिंसामा परेका महिलाहरूले बलात्कार र यौनहिंसाका घटना छानबिनका लागि विशिष्टीकृत एकाइ गठनको माग गर्दै आएका छन् ।

पीडितहरूले सत्यनिरूपण तथा मेलमिलाप आयोगमा बलात्कार र यौनजन्य हिंसाका घटनाको छानविन गरी सत्यतथ्य स्थापनाका लागि एक विशिष्टीकृत एकाइ गठन गर्न माग गरेका हुन् । सशस्त्र द्वन्द्वका बेला यौन अपराधका घटना सयौँ भए पनि कहींकतै अभिलेख नभएकाले पीडितहरू न्यायका लागि संघर्षरत रहेका छन् ।

कनकाईमा ...

आन्दोलन नगर्न कर्मचारीहरुलाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले आग्रह गरेका छन् । कर्मचारीहरुको मागप्रति आफू सकारात्मक रहेको र समाधान गर्ने कुरामा आफ्नो तर्फबाट लागीपर्नुका साथै सम्बन्धित निकायका लागि सक्दो प्रयास गर्ने प्रतिवद्धता उनले जनाए । उनले सेवाका लागि आएका आम नागरिकको पिर मर्का बुज्न आग्रह गर्दै कर्मचारीहरुको उचित मागको सम्बोधन गर्न आफू लागिपर्ने विश्वास दिलाए ।

त्यस्तै प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेलले आन्दोलनले कसैको फाइदा नहुने भन्दै सहकार्य र सम्वादबाट नै समस्याको समाधान हुने विश्वास दिलाए । धर्ना कार्यक्रममा नगर तथा वडाका अधिकांश कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

बिमालेख हरायो

बिर्तामोडबाट मेचीनगर जाने क्रममा यही मिति २०८०/०५/२० गते मेरो निम्न व्यहोराको एलआईसी इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- सीता माया प्रधान
ठेगाना:- मेचीनगर-९, झापा
पोलेसी नं.:- ६०००७५८४
कम्पनी नाम: एलआईसी इन्स्योरेन्स क.
सम्पर्क: ९८४६८६५८८५

असल संस्कार र समृद्धिका लागि एनएमसी

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

कोटेशन आव्हान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।६।२४

यस नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका लागि तपसिलमा उल्लेखित सामग्रीको आवश्यकता भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट निम्न बुँदाका आधारमा रही न्यूनतम दररेटसहितको कोटेसन आव्हान गरिन्छ ।

सामग्रीको विवरण :

क्र.सं.	विवरण	रङ	परिमाण	कैफियत
१	ट्र्याक सुट	हरियो	५०० थान	कर्मचारीको लागि

तपसिल :

१) कोटेशनका साथ उपलब्ध गराउने सामग्रीको नमुना प्रति अनिवार्य पेश गर्नु पर्नेछ ।
२) माथि उल्लिखित सामग्री संस्थाको बिर्तामोड कार्यालयमा ढुवानी गर्नुपर्नेछ ।
३) कोटेसन पेश गर्दा सामग्रीको ब्रान्डलगायतको पूर्ण विवरण अनिवार्य खुलाउनु पर्नेछ ।
४) साविकमा संस्थाले तयार गरेको ट्र्याक सुटको नमूना हेर्न चाहेमा संस्थाको कर्पोरेट कार्यालय, मेचीनगर-६, काँकरभिट्टाबाट प्राप्त गर्न सकिने छ ।
५) कोटेशन पेश गर्ने अन्तिम मिति २०८० कात्तिक ३ गते शुक्रबार तोकिएको छ ।
६) कोटेशन संस्थाको काँकरभिट्टास्थित कर्पोरेट कार्यालय वा संस्थाको इमेल ठेगाना corporatenmc@gmail.comमा पठाउन सकिनेछ ।
७) कोटेसन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ ।

थप जानकारीका लागि : मो.९८५२६८९४१५/९८५२६८९४१६

- कर्पोरेट कार्यालय

श्री पाउ पाथीभरा उत्तरगंगा प्रवेशद्वार पर्यटन प्रवद्धन समितिको
मेचीनगर, चारआली, झापा

गुरू आवश्यकता

दोस्रोपटक प्रकाशित मितिः २०८०।०६।२१

यस श्री पाउ पाथीभरा उत्तरगंगा प्रवेशद्वार पर्यटन प्रवर्द्धन समितिमा रिक्त रहेको आचार्य (गुरु)को पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्य तथा इच्छुक उम्मेदवारले तपसिलका कागजातहरुसहित आवेदन दिनुहुन आव्हान गरिन्छ ।

तपसिलः

- **पद** : आचार्य (गुरु)
- **संख्या** : १
- **विज्ञापन नं.** ००१/०८०-०८१
- **परीक्षा मिति र स्थान** : आवेदकलाई सम्पर्क गरी जानकारी गराइनेछ ।
- **दरखास्त दस्तुर** : रु. ५००।-
- **आवश्यक न्यूनतम योग्यता** : सम्बन्धित विषयमा स्नातकोत्तर गरेको हुनुपर्नेछ ।
- **आवश्यक कागजातहरु** : न्यूनतम शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो १/१ थान ।
- **उम्मेदवारको उमेर हद** : १८ वर्ष पूरा भई ४५ ननाघेको ।
- **परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता ।
- **तलब तथा अन्य सुविधा** : संस्थाको कर्मचारी नियमावली बमोजिम ।
- **दरखास्त दिने अन्तिम मिति** : २०८०/०६/२७ गते ।

नोट : परीक्षा सञ्चालन हुने दिनमा सम्पूर्ण सक्कल कागजातहरु परीक्षार्थीको साथमा हुनुपर्नेछ । छनौट भएको उम्मेदवारको ६ महिनाको परीक्षणकाल रहनेछ ।

पदपूर्ति समिति
पाउ पाथीभरा उत्तरगंगा प्रवेशद्वार पर्यटन प्रवर्द्धन समिति
मेचीनगर, चारआली, झापा

पथरीशनिश्चरे नगरपालिका
नगर कार्यपालिका कार्यालय
पथरी शनिश्चरे, मोरङ

विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु यही असोज मसान्त भित्रै बुझाऔं ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौं ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौं ।
- सडकमा जथाभावी सवारीसाधन पार्किङ नगरौं ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौं ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔं । सबै प्रकारका हिंसाको अन्त्य गरौं ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको बेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौं ।
- घर, पसल, रेष्टुरेन्ट, होटल, उद्योग कारखाना आदिबाट निस्किएको फोहोरलाई जथाभावी नफालौं । फोहोर मैला व्यवस्थापनमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षरोपण गर्ने संस्कारको विकास गरौं ।

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी शनिश्चरे, मोरङ

SURYA PAINTS
Since 2006
"Quality Uncompromised"

" स्वदेशी मनको स्वदेशी रंग
गुणस्तरीय उत्पादन सुर्य पेन्ट्सको पहिचान "

#suryapaintsandchemical
@suryapaintsandchemical
suryapaintsnepal@gmail.com
www.spcsurya.com

Koshi Province Our Dealer List

Valuable Customer
Dealer Name: Bardan Enterprises & Traders
Address: Dharan-16, Sunsari
contact number:9848654249/9827081739
owner name: Sirjana Bohara Ji

Valuable Customer
Dealer Name: Kankai Traders
Address: Birtamod-5, Jhapa
Contact Number: 9842755405/9842759559
Owner Name: Bhupendra Baskota/Jay narayan chapagain Ji

Valuable Customer
Dealer Name : Manokamana Hardware Store
Address: Goldhap, Haldibari, Jhapa
Contact Number: 9825930553/9804901500
Owner Name: Sandesh sapkota/ Trilochan Sapkota JI

Valuable Customer
Dealer Name : Pathibhara Devi Trade Link
Address: Arjundhara-6,Jhapa
Contact Number: 9817903092/9842701635
Owner Name: Netra Prasad Bimali/Aditya Bimali Ji

Valuable Customer
Dealer Name : Purwanchal Trade and Suppliers
Address: Birtamode-5, Jhapa
Contact Number: 9804929426/9862684363
Owner Name: Santosh Shah /Samir Giri Ji

Valuable Customer
Dealer Name: Sarita Traders
Address: Urlabari-4, Koshi-Morang Contact Number: 9852042218
Owner Name: Sarita Ghimire Ji

Valuable Customer
Dealer Name: Timsina Suppliers
Address: Itahari-5, Sunsari
Contact Number: 9849190343/9852053011
Owner Name: Arjun Timsina/ Ramesh Prasad Timsina Ji

Valuable Customer
Dealer Name: Damak Almunium and Steel House
Address: Damak-1
Contact Number: 9808428648
Owner Name: Prakash Subba Ji

Valuable Customer
Dealer Name: Angel Traders
Address: Gramthan-5, Tetariya
Contact Number: 9816346390
Owner Name: Khagendra Kumar Biswash Ji

DEALER Requirement AT Biratnagar west:- duhabi, khanar, jhumka, inaruwa, chakraghatti, chatara, Biratnagar East:- Rangeli, Biratchok, belbari, letang, path- ari, itahara, Damak, Gauriganj, Dudhe, surunga, Bhadrapur, Buddhashanti, Fikkal, ilam, pachthar, taplejung, terathum, Dhankuta, Bhojpur

Contact Person:
Santosh Lamichhane - 9748277503
Subash Pokharel - 9851325395

Corporate Office:
Kupondole, Lalitpur
Tel No:-01-5422432

Toll Free No
1660-017-7575

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४३०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

‘मोसो’ समाधान होइन

झापा बिर्तामोडका एक व्यवसायी दुर्गा प्रसाईंलाई काठमाण्डौंमा एउटा समूहले सोमबार मोसो दलेको छ । होटल एलो प्यागोडामा पत्रकार सम्मेलन गरेर निस्किने क्रममा केही युवाले उनलाई दुर्व्यवहार गर्दै मोसो दलेका थिए । उनी केही समयदेखि बैंक, लघुवित्त र सहकारीको चर्को व्याज नियन्त्रण, ऋण मिनाहा लगायतका माग राखेर देशव्यापीरुपमा सभा गर्दैछन् । यो सँगै संघीयता खारेजी, हिन्दू राष्ट्र कायम तथा राजतन्त्र पुनर्वहाली समेत उनको अन्य एजेन्डा हुन् । पूर्व राजा ज्ञानेन्द्र शाहलाई झापा ल्याएर राष्ट्र, राष्ट्रियता, धर्म र नागरिक बचाउ महाअभियानको घोषणा गरेका प्रसाईंमाथि मोसो दल्ने व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

हामीकहाँ विभिन्न आरोप लगाउँदै दुर्व्यवहार गर्ने, मोसो दल्ने तथा भौतिक कारवाही गर्नु परम्परा जस्तै भएको छ । काम नगरेको, घुस खाएको, अनियमितता र मनपरी गरेको जस्ता आरोप लगाएर कर्मचारी, जनप्रतिनिधि, शिक्षक तथा नेतामाथि मोसो दल्नु, आक्रमण गर्नु वा कुटपिट गर्नु सामान्य झैं लाग्न थालेको छ । दिनहुँ सार्वजनिक भइरहने यस्ता घटनाले देशमा विद्यमान बेथिति, विकृति र विसंगतिको अन्त्य हुन्छ त ? गम्भीर प्रश्न खडा हुन्छ । गैरकानूनी ढंगले गरिने कारवाहीले समस्या झन् बढाएको छ, विवाद झनै चुलिएको छ । कसै-कुनै एक व्यक्तिको सनकमा हुने यस्ता क्रियाकलापले न राजनीतिक स्थिरता कायम हुन्छ न त सुशासनको अनुभूति दिलाउँछ । आवेशमा आएर गरिने यस्ता अवाञ्छित, अमर्यादित र अशिष्ट गतिविधिले समस्या अझै गहिरिने निश्चित छ ।

त्यसो त निम्न वर्गीय नेपालीलाई चरम शोषण गरेको भन्दै बैंक तथा वित्तीय संस्थाका जिम्मेवार व्यक्तिलाई मोसो दल्ने उनको अभियान नै थियो । यस्ता समाचार पाठकका लागि रुचीकर पनि होलान्, तर त्यसको सामाजिक असरका बारेमा गम्भीर नहुँदा, जिम्मेवार निकाय उदासीन बन्दा त्यसले नकारात्मकता नै निम्त्याउँछ । कसैको व्यक्तिगत जीवनमाथि असर पर्ने यस्ता गतिविधि सभ्य समाजको पक्षमा पनि छैन र यसले शान्ति, सुशासन, अनुशासन, स्थिरता, समृद्धि र सहिष्णुताको रक्षा पनि गर्न सक्दैन । कुनै व्यक्तिको मर्यादा र अस्तित्वमाथि आघात पुऱ्याउने यस्ता अमर्यादित कामले भावी पुस्तालाई समेत नकारात्मक सन्देश प्रवाह गर्छ । प्रसाईंले पनि विद्यमान ऐन कानूनको बर्खिलाप जानु हुँदैन अनधिकृत दण्ड दिने कर्मलाई तत्काल रोक्नु पर्दछ । भएका अपराधका दोषीलाई कानूनको दायरामा ल्याउन राज्य पनि गम्भीर हुनुपर्छ । यस्ता समाचारले दिने नकारात्मक सन्देशको मूल्यांकन गर्दै शान्त, समृद्ध र सभ्य समाज निर्माणमा सबैको समन्वयात्मक सहयोग हुनु पर्दछ ।

युवालाई देशमै रोकौं

रत्न प्रजापति

वैदेशिक रोजगारी नेपालको मात्रै होइन, नेपाल जस्तै अन्य धेरै गरीब मुलुकको पनि बाध्यता नै हो । वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सको सदुपयोग गरेर धेरै मुलुकले आर्थिक समृद्धि हासिल गरेको पनि सत्य हो । नेपालमा पनि धेरै गरीब नेपालीको जीवन निर्वाहको स्रोत बनेको छ, वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स । यति मात्रै होइन, देशको अर्थतन्त्र नै रेमिट्यान्सले धानेको छ ।

गत आर्थिक वर्ष २०७९/०८० मा १२ खर्ब २० अर्ब ५५ करोड ९५ लाख रुपैयाँ रेमिट्यान्स आएको थियो । यो रेमिट्यान्स सो आर्थिक वर्षको देशको कुल गार्हस्थ उत्पादनको २६.० प्रतिशत हो भने कुल राष्ट्रिय बजेटको ६८.० प्रतिशत हो । यसरी उल्लेख्य परिमाणमा रेमिट्यान्स नआएको भए यो देशको अर्थतन्त्रको हालत के हुन्थ्यो होला ? कल्पना मात्रै गर्दा पनि कहाली लाग्ने अवस्था छ ।

वैदेशिक रोजगारी धेरैका लागि बाध्यता हो । स्वदेशमै केही गर्ने र केही कमाउने अवसर उपलब्ध भएको भए अनेकौं हण्डर खेपेर नेपाली युवा रोजगारीका लागि विदेश जाने थिएनन् । घरको न्यूनतम् आवश्यकता पूरा गर्ने आम्दानी पनि स्वदेशमा बसेर गर्न नसकेपछि नै अधिकांश युवाले वैदेशिक रोजगारी रोजेका हुन् । यसरी बिदेशिएका युवाले पठाएको रेमिट्यान्सले तिनको घरपरिवारको न्यूनतम आवश्यकता परिपूर्ति हुने गरेको छ । आफ्ना बालबच्चाको शिक्षा, स्वास्थ्योपचार लगायत दैनिक र सामाजिक व्यवहारमा रेमिट्यान्सले उल्लेख्य सहयोग गरेको छ ।

यति मात्रै होइन, रेमिट्यान्सले धेरै नेपाली घरपरिवारको आर्थिक र सामाजिक हैसियतमा पनि परिवर्तन आएको छ । यस कारणले पनि पछिल्लो समय नेपाली युवामा वैदेशिक रोजगारी प्रति आकर्षण बढेको हो, तर वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नेतर्फ राज्य गम्भीर बन्न नसक्दा वैदेशिक रोजगारी निकै अव्यवस्थित, असुरक्षित र चुनौतिपूर्ण समेत बन्न पुगेको छ । वैदेशिक रोजगारीभित्र निश्चय नै धेरै समस्या छन् ।

ती समस्यालाई लिएर सधैं गुनासो र चिन्ता मात्रै गरेर हुँदैन, बर्सेनि विभिन्न माध्यमबाट रोजगारीको खोजीमा श्रम बजारमा प्रवेश गर्ने झण्डै पाँच लाख जनशक्तिलाई व्यवस्थापन गर्ने, वैदेशिक रोजगारीमा रहेका कामदार एकै पटक ठूलो संख्यामा स्वदेश फर्केमा तिनलाई कहाँ र कसरी व्यवस्थापन गर्ने, कसरी आर्थिक क्रियाकलापमा वृद्धि गरी रोजगारीको अवसर बढाउने, कसरी उत्पादन वृद्धि गर्ने, कृषिको उत्पादकत्व कसरी बढाउने, कसरी निर्यात प्रवर्द्धन गर्ने र आयात प्रतिस्थापन कसरी गर्ने भन्ने विषयमा चिन्तन गर्नु आवश्यक छ ।

देशमै उद्योगधन्दाको स्थापनामा वृद्धि गर्ने, आर्थिक क्रियाकलापमा वृद्धि गर्ने र उत्पादनमा वृद्धि गर्ने योजना तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकेमा वैदेशिक रोजगारी माथिको निर्भरता कम गर्न सकिन्छ । वैदेशिक रोजगारी माथिको निर्भरता कम हुनु भनेको विद्यमान आर्थिक तथा सामाजिक समस्यामा कमी आउनु पनि हो । वैदेशिक रोजगारीको आर्थिक पक्ष जतिसुकै सुन्दर भए पनि यसको कुरूप पक्षले पनि समाजमा निकै व्यापक र जरो गाड्दै गएको छ । यसको समाधान जरुरी छ । अन्यथा हाम्रो सामाजिक संरचना, संस्कृति र सामाजिक मूल्य र मान्यता माथि थप चुनौति बढ्ने निश्चित छ ।

वैदेशिक रोजगारी त्यति सहज पनि छैन । अनेक झन्झटिला प्रक्रिया पार गरेर कामका लागि विदेश जाने नेपाली कामदार प्रक्रियाको थालनीदेखि नै ठगिन शुरु हुन्छ । यसरी ठगिने प्रवृत्ति देशदेखि विदेशसम्मै बढ्दै गएकाले आर्थिक विसङ्गति पनि बढ्दै गएको छ । यसरी ठगिने प्रवृत्तिबाट कामदारले शारीरिक र मानसिक पीडा त भोग्नु परेकै छ, आर्थिक पीडा पनि भोग्नु परेको छ । ठगिने प्रवृत्ति बढेसँगै ठगीको उजुरी पनि बढ्दै गएका छन् । आ.व. २०७८/०७९ मा मात्रै रु. ६५ करोड ७१ लाख ५८ हजार ठगी भएको दाबी गर्दै वैदेशिक रोजगार विभागमा कुल सात सय ४२ वटा उजुरी परेका थिए । वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठग्ने यस्तो प्रवृत्तिले समाजमा बदलाको भावना र अपराध प्रवृत्तिलाई समेत बढावा दिएका दृष्टान्तहरू पनि देखिन थालेका छन् ।

समग्रमा भन्नुपर्दा वैदेशिक रोजगारीले मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रमा तत्काललाई सकारात्मक प्रभाव पारेको देखिए पनि दीर्घकालीन रूपमा यसका नकारात्मक असरहरू नै धेरै देखिएका छन् । वैदेशिक रोजगारीले सामाजिक विसङ्गतिदेखि आर्थिक परनिर्भरता समेतलाई बढावा दिने हुँदा यसलाई बेरोजगारी समस्याको अल्पकालीन समाधानका रूपमा मात्रै स्वीकार्नु उचित हुने छ । आर्थिक सक्षमता र सामाजिक संरचनाको संरक्षण र संवर्द्धन गर्दै वेरोजगारी समस्यालाई दीर्घकालीन समाधानका लागि मुलुकभित्रै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास र आर्थिक क्रियाकलापहरूमा जोड दिनु आवश्यक छ ।

राज्यले श्रम निर्यातलाई भन्दा वस्तु निर्यातलाई प्राथमिकतामा राखेर नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने हो भने वैदेशिक रोजगारी माथिको निर्भरता मात्रै होइन, विद्यमान आर्थिक परनिर्भरता कम गर्न पनि सम्भव छ । विद्यमान सम्भावनाका ढोकाहरूलाई बन्द गरेर रेमिट्यान्स माथिको निर्भरतालाई कायम राख्नु राज्यको पनि कमजोरी हुन जान्छ । राज्यका नीतिहरूमा पनि सुधार र संशोधन गर्न जरुरी छ ।

पचासौं लाखको संख्यामा नेपाली कामदार कामका लागि विदेश गएका छन् । विदेशमा केही वर्ष काम गरेर स्वदेश फर्के पनि स्वदेशमा टिक्ने वातावरण नहुँदा पुनः श्रम स्वीकृति लिएर विदेश जाने कामदारको संख्या उल्लेख्य छ । यदि राज्यले विदेशमा काम गरेर हासिल गरेको ज्ञान, सिप र अनुभवलाई स्वदेशमै उपयोग गर्ने वातावरण सिर्जना गरिदिने हो भने फर्किएका कामदार पुनः बाहिरिने थिएनन् । यसबाट देश आर्थिक रूपमा लाभान्वित हुन सक्छ । त्यसकारण त्यस्तो उपयुक्त वातावरण निर्माणमा राज्य गम्भीर हुनु आवश्यक देखिन्छ ।

वैदेशिक रोजगारीबाट फर्केका केही युवाले मुलुकको विभिन्न ठाउँमा व्यावसायिक कृषि, पशुपालन र स्वरोजगारमूलक उद्यमहरू समेत गर्न थालेको अवस्थामा अरू युवाले त्यसको अनुसरण गर्नु पनि वाञ्छनीय हुने छ । राज्यले पनि वेरोजगार युवा विदेशिएपछि रेमिट्यान्स आप्रवाहमा वृद्धि भई अर्थतन्त्रलाई सघाउने भन्दै युवालाई वैदेशिक रोजगारी मै जान प्रोत्साहित गर्नुको साटो स्वदेशमै रोजगारीको अवसर अथवा स्वरोजगार बन्ने वातावरण सिर्जना गरिदिनु आवश्यक छ ।

परिवारबाट एक जना सदस्य वैदेशिक रोजगारीमा गएपछि बाँकी सदस्यहरू काम नगरी बसी-बसी खाने प्रवृत्ति बढेकाले वैदेशिक रोजगारी माथि निर्भरता झनै बढेको छ । यसलाई घटाउन र नेपाली कामदारले विदेशमा सिकेर आएको ज्ञान र सिपलाई स्वदेशमै उपयोग गर्न अनुकूल नीति र वातावरण निर्माण गर्नुका साथै त्यसका लागि आवश्यक वित्तीय सुविधा राज्यले उपलब्ध गराइदिने हो भने स्वदेशमै उद्यमशीलता र स्वरोजगारीमा वृद्धि हुनेछ । यसबाट रेमिट्यान्स माथिको निर्भरता घट्नुका साथै आन्तरिक उत्पादन वृद्धि भई समग्र आयात घटाउन समेत मद्दत पुग्नेछ ।

वैदेशिक रोजगारीले सामाजिक विसंगतिदेखि आर्थिक परनिर्भरता समेतलाई बढावा दिने हुँदा यसलाई बेरोजगारी समस्याको अल्पकालीन समाधानका रूपमा मात्रै स्वीकार्नु उचित हुने छ । आर्थिक सक्षमता र सामाजिक संरचनाको संरक्षण र संवर्द्धन गर्दै वेरोजगारी समस्यालाई दीर्घकालीन समाधानका लागि मुलुकभित्रै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास र आर्थिक क्रियाकलापहरूमा जोड दिनु आवश्यक छ ।

कुरा वेरोजगारीको मात्रै होइन, देशको वर्तमान अवस्थाको पनि हो । देशको अवस्था देखेर युवा पुस्ता निराश छन् । युवाले देशमा न्याय र सुशासन अनुभूतिको अपेक्षा गर्न खोजेका हुन्छन् । युवाको चाहना फरक खालका पनि हुन्छन् । साना साना कुरालाई युवा पुस्ताले गम्भीर रूपमा हेरिरहेका हुन्छन् । ती कुरालाई राज्यले बेवास्ता र लापरवाही गर्न हुँदैन । त्यसो गरेमा युवा पुस्तामा असन्तुष्टि बढ्न जानेछ । साना-साना कुराबाटै असन्तुष्टि उत्पन्न हुने र यही असन्तुष्टि नै आक्रोश र विरोध हुँदै अन्ततः विद्रोहमा परिणत हुने हुँदा राज्य आफ्ना नागरिकप्रति जिम्मेवार बन्नु पर्छ र नागरिकप्रतिको उत्तरदायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्छ ।

संविधान प्रदत्त हक र अधिकारको प्रयोगमा सबै नागरिकलाई राज्यले समान दृष्टिकोणले हेर्नु पर्छ र सोही अनुरूप समान व्यवहार पनि गर्नु पर्छ । राज्यको व्यवहार उपेक्षापूर्ण र विभेदपूर्ण भयो भने नै नागरिकमा असन्तुष्टि जन्मिने र राज्यप्रति नागरिक उदासीन बन्न थाल्ने हो । ‘यो देशमा बसेर केही हुँदैन’ भन्दै युवा पुस्ता बिदेशिने क्रम बढ्नुको एउटा मुख्य कारण राज्यको उपेक्षा र राज्यले गर्ने असमान र विभेदपूर्ण व्यवहार हो भन्ने टिप्पणी हुन थालेका छन् । यस्ता खालका टिप्पणी आउन दिनु हुँदैन । लाखौं युवा अध्ययन अथवा रोजगारीको अवसरका लागि भन्दै विदेश मात्रै गइरहेका छैनन्, सदाका लागि देशै छोडिरहेका छन् ।

यसरी बर्सेनि लाखौं युवा शिक्षा, रोजगारी र वृत्ति विकासको अवसरको खोजीमा बिदेसिँदा भविष्यमा मुलुक वृद्धाश्रम बन्ने हो कि भन्ने चिन्ता बढ्न थालेको छ । विदेशी भूमिमा नेपाली कामदारले भोगिरहेको कुनै पनि समस्या समाधानका लागि राज्य सदा तत्पर हुनु पर्छ । अनि मात्रै रेमिट्यान्सले देशको अर्थतन्त्र धानेकोमा गर्व गर्न सुहाउँछ । राज्यका जिम्मेवार निकायहरूले ती कुरामा गम्भीरतापूर्वक ध्यान दिन सकेन भने मुलुक झन् गम्भीर समस्यामा फस्न सक्छ । बेलैमा त्यतातिर ध्यान दिनु जरुरी छ । युवालाई स्वदेशमा रोक्न सक्ने गरी कार्यक्रम तथा कार्ययोजना ल्याउन ढिला गर्न हुँदैन । गोप

श्राद्ध : ‘जिउँदोमा पिटाइ मरेपछि मिठाई’ नबनोस्

रत्नबहादुर बस्नेत

यतिबेला सोह्र श्राद्धको समय चलिरहेको छ । पितृको उद्देश्यबाट श्रद्धापूर्वक गरिने कार्यलाई श्राद्ध भनिन्छ । श्रद्धापूर्वक गरिने कार्य भएकाले तर्पण गरिदिने वा चढाइदिने न हो भनेर मात्र गरिने श्राद्धको कुनै महत्व हुँदैन, विधिसम्मत ढंगले श्रद्धापूर्वक गरिनुपर्छ । श्राद्ध दुई किसिमको हुन्छ- एकोदिष्ट वा एकापार्वण र पार्वण, मालय वा सोह्र श्राद्ध । पितृ दिवंगत भएको तिथिमा गरिने श्राद्ध एकोदिष्ट श्राद्ध हो भने पर्वमा अर्थात् आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्म १६ दिन गरिने श्राद्धलाई पार्वण, मालय वा सोह्र श्राद्ध भनिन्छ । पितृपक्ष भनिने यसबेला ठूला पर्व देवताको पूजा गर्नु अघि पितृहरुको पूजा गर्ने गरिन्छ । सोह्र श्राद्ध पर्वको समय मानिने भएकाले पार्वण वा मालय श्राद्ध भनिएको हो ।

सन्तानको आमाबाबु वा पितृप्रतिको कर्तव्य दुई प्रकारका हुन्छन् । जीवित अवस्थामा सेवासुश्रुसा गर्नु र मृत्युपछि श्राद्ध गर्नु । आमाबाबुले छोराछोरी गर्भमा बसे-रहेदेखि हुर्काइ-बढाइ गर्दा वहन गर्ने अनेक जिम्मेवारी, भारलाई पितृऋणका रुपमा लिइने र त्यसलाई तिर्न (ऋणमुक्त हुन) जिउँदोमा पितृहरुको सेवा र मृत्युपछि छोराले (छोराबुहारीले नाम र मन्त्र उच्चारण गर्दै सम्झना गरेर तथा छोरा नभए दाजुभाइ वा छोरीको छोराले वा शास्त्रमा व्यवस्था गरिए अनुसार) विधिवत् श्राद्ध कर्म सम्पन्न गरिनुपर्ने विधान रहेको छ ।

यसरी सन्तान-सन्ततिको पितृप्रतिको कर्तव्य जिम्मेवारीबारे विचार गर्दा आमा-बाबुको इच्छा अनुसार आज्ञापालन तथा सेवा र श्राद्ध कर्म गर्नु अनिवार्य छ । आजभोलि लौकिकरुपमा आमाबाबु जीवित छँदा वेवास्ता गर्ने तर मृत्युपछि तामझामले श्राद्ध गर्नु वा जिउँदो छँदै जे गर्नुछ गर्ने मरेपछि अस्तित्व रहँदैन, गरेर के हुन्छ भन्ने गरिएको पनि पाइन्छ । तर, शास्त्र अनुसार यी दुबै विचार सही तथा उचित नहुने बताइएको छ । उपरोक्त दुईमध्ये एकको पालना नगरे छोराछोरी कर्तव्य विमुख भई पितृऋण मुक्त बन्न असमर्थ हुने देखिन्छ । भौतिक धनको ऋणी बन्दा प्राप्त हुने दुःख, तनाव कति हुन्छ भन्ने कुरा अनुभव गर्नेलाई थाहा नै छ ।

जीवित छँदा एउटा फलफूल समेत समर्पण नगर्ने, तर मरेपछि अनेक फलफूल, मिष्ठान्न पितृलाई अर्पण गर्नु अर्थात् जिउँदोमा पिटाइ मरेपछि मिठाई भने जस्तै श्राद्धको अर्थ रहँदैन भने व्यक्ति मरेर गइसकेपछि किन श्राद्ध गर्ने ? जे गर्नुछ जिउँदो छँदै गर्ने, यहाँ पिण्डदान, तर्पण आदि गरेर के हुन्छ, पितृ देवता देखिँदैन भनेर अश्रद्धा वा नास्तिक भाव राख्नु पनि श्राद्धको महत्व र रहस्य बोध नहुनु मात्र हो । यस्तो विचार सामान्यरुपमा सर्वसाधारणमा स्वभाविक जस्तो लागे पनि पितृप्रति निष्ठा, श्रद्धा हुनेका लागि श्राद्ध कर्म सामान्य (गरे पनि हुने नगरे पनि हुने) होइन । आफ्ना सन्तानलाई सबै किसिमबाट योग्य बनाउन सर्वस्व सुम्पने मातापिता र रुखोसुखो पराल खाएर आफ्नो सन्तानलाई समेत पर सारेर अमृततुल्य दूध प्रदान गर्ने गाई वा गौमाताप्रति असाधरण मानवीय कर्तव्य दर्शाइएको छ ।

यहाँ विचारणीय के छ भने यहाँ देखिने (दृश्यमान) वस्तु मात्र छन्, हुन्छन् र नदखिने जति छैनन्, हुँदैनन् भन्नु उचित हुँदैन । देखिनेभन्दा नखिने सूक्ष्म वस्तुमा शक्ति हुन्छ । हावा देखिँदैन, बिजुलीको तार मात्र देखिन्छ, करेन्ट देखिँदैन तर ती शक्तिशाली हुन्छन् । त्यसैले पितृ देखिँदैनन् भन्न र अनास्था राख्न हुँदैन ।

शास्त्र अनुसार मृत्युपछि मानिसको पाञ्चभौतिक शरीर नाश भए पनि आत्मा रहिरहने, उसले गरेका कर्म भावना, विचार, पृथ्वीलोकमा रहिरहने अझ ऊ विशेष निधन भएको तिथि र पितृपक्ष (आश्विन कृष्ण पक्ष) सोह्र श्राद्धको समयमा पितृहरु अदृश्यरुपमा बासनामय कोष वायु प्रकाश आदि रुपले आफ्ना सन्तति कहाँ विचरण गर्ने गर्दछन् र पुत्रादि सन्ततिले प्रदान गर्ने पदार्थ, श्रद्धा, सम्मानबाट तृप्त बन्ने गर्दछन् । ती पिण्ड तर्पण आदिलाई यम, अर्यमा, आदित्य देवताले उनीहरु कहाँ पुऱ्याइदिन्छन् ।

जुन वैज्ञानिक पनि छ । आदित्य भनेका सूर्य हुन्, सूर्यले सोसेर प्रकाशद्वारा लिएर पितृ समक्ष पुऱ्याउने गर्दछन् । पितृहरुले सन्ततिहरुको श्रद्धा, निष्ठा, भावना नियाल्ने र उनीहरुले अर्पण गरेका श्रद्धाका रुप तर्पण आदिबाट परितृप्त भई आशिर्वाद प्रदान गर्दछन् भन्ने शास्त्रीय मान्यता रहेको छ । श्राद्ध कर्म नैतिक जिम्मेवारी पनि हो । श्राद्ध नगर्ने व्यक्ति एकातिर एकातिर निन्दित र नास्तिकरुपमा रहने हुन्छ भने अर्कातिर उसको समेत मृत्युपश्चात् सन्ततिले श्राद्ध नगर्ने हुँदा पितृलोकमा श्राद्धबाट प्राप्त हुने फलबाट वञ्चित हुने गर्दछ ।

हरित नगर अभियान
बिर्तामोड-३ लाई कर्णालीले दियो गमला

बिर्तामोड, असोज २३। वातावरण संरक्षणको क्षेत्रमा विभिन्न कार्यक्रम गर्दै आएको बिर्तामोड नगरपालिका वडा नम्बर-३ लाई हरित नगर तथा वडालाई हरित वडाको रुपमा चिनाउन गरिरहेको कामप्रति सहयोग गर्ने उद्देश्यले कर्णाली साकोसले गमला प्रदान गरेको छ।

बिर्तामोड-३ को वडाध्यक्षको जिम्मेवारी सम्हाले लगत्तै वडाध्यक्ष मदन बुढाथोकीले आफ्नो वडालाई वातावरणमैत्री बनाउने बताएका थिए। उनको यो अभियानलाई वडामा रहेका विभिन्न राजनीतिक दल, सामाजिक संघ-संस्था, युवा तथा सबै वडाबासीको साथ रहेको छ। उनले शुरु गरेको वृक्षरोपण अभियान अहिले पनि हरेक शनिबार सञ्चालन भइरहेको वडाध्यक्ष बुढाथोकीले जानकारी दिए।

यसैक्रममा वडालाई वातारणमैत्री बनाउँदै हरित वडाको रुपमा चिनाउन सहयोग गर्ने उद्देश्यले बिर्तामोडमा मुख्य कार्यालय रहेको कर्णाली साकोस संस्थाले बिर्तामोड-३ लाई सामाजिक उत्तर दायित्व अन्तर्गत ५० थान गमला प्रदान गरेको छ। कर्णाली साकोसका अध्यक्ष टसबहादुर श्रेष्ठले वडाध्यक्ष बुढाथोकीलाई गमला प्रदान गर्दै बिर्तामोड-३ लाई वातावरणमैत्री वडा बनाउन आफ्नो संस्थाको तर्फबाट निरन्तर सहयोग रहने प्रतिबद्धता जनाए।

सो अवसरमा वडाध्यक्ष बुढाथोकीले व्यक्ति एक्लैले केही गर्न नसक्ने भन्दै सबै मिलेमा परिवर्तन धेरै टाढा नरहेको उल्लेख गरे। उनले शहरीकरण बढ्दै जाँदा वातावरणमा प्रतिकुल असर पर्ने र त्यसले मानव सिर्जत रोगहरु निम्तन सक्ने भएकाले वातावरण संरक्षणमा सबैले ध्यान दिनुपर्ने उल्लेख गरे। वडाको हरित नगर तथा हरित वडा अभियानलाई सबैको साथ रहेको भन्दै यसलाई निरन्तरता दिने वडाध्यक्ष बुढाथोकीको भनाइ छ। सहकारीबाट प्राप्त गमलाको उचित संरक्षण गर्दै आफ्नो वडालाई सैन्दर्यकरण गर्न विभिन्न फूलका विरुवाहरु रोप्ने वडाध्यक्ष बुढाथोकीले जानकारी दिए।

कार्यक्रममा वडा सदस्य धनसरी राजवंशी, त्रिवेणी टोल विकास संस्थाका अध्यक्ष जानुका थापा मगर लगायतको सहभागिता रहेको थियो। बिर्तामोड-३ मा रहेको अनारमनी सोसल युथ क्लब लगायतका संघ-संस्थाले हरित नगर अभियानमा सक्रियताका साथ काम गरिरहेका छन्। साथै आगामी शनिबार बिर्तामोड-३ स्थित भद्रपुर रोड किनारमा रोपिएका बोटबिरुवाको संरक्षण तथा बिरुवा गोडमेलको कार्यक्रम रहेको बताइएको छ। बिर्तामोड-३ को सामाजिक काममा बिर्तामोडसहित अन्य स्थानीय तहबाट समेत युवाहरु सहभागिता रहेको थियो।

अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र झापाको निर्वाचन
तेस्रो पटक सभापतिमा निर्वाचित भए ऋषि

झापा, असोज २३। नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र झापाको सभापतिमा ऋषि चापागाँई निर्वाचित भएका छन्।

ऋषि चापागाई

झापा उद्योग संघमा सोमबार भएको निर्वाचनमा सभापतिकी उम्मेदवार लता चापागाँई कार्कीलाई २५ मतान्तरले पछि पार्दै चापागाँई तेस्रो कार्यकालका लागि सभापतिमा निर्वाचित भएका हुन्। तीन सय १९ मतदाता रहेकोमा चापागाँईले एक सय २२ मत प्राप्त गरेका छन् भने कार्कीले ९७ मत प्राप्त गरिन्।

चापागाँई यसअघि २०६६ फागुनदेखि २०७० भदौ र २०७६ चैतदेखि २०७९ माघसम्म गरी दुई कार्यकाल सभापतिको जिम्मेवारी निर्वाह गरिसकेका छन्। त्यस्तै आठ वटा आरक्षित सिटमा रिता खतिवडा, चन्दनकुमार महतो, राधिका कटुवाल, तुलामाया वन गिरी, विक्रम क्षेत्री दाहाल, दिनलाल माझी, मुन्नीवत्ती कार्की, भक्तबहादुर बस्नेत निर्वाचित भएका छन्। बस्नेत र परियारको बराबरी मत प्राप्त भएपछि गोला गर्दा बस्नेत विजयी भएको तदर्थ समितिका संयोजक सुरेश श्रेष्ठले जानकारी दिए।

त्यस्तै पाँच जना खुला सदस्यमा पवन श्रेष्ठ, गोपाल श्रेष्ठ, दीपक तिम्सिना, शान्तरत्न शाक्य र राजन पौडेल निर्वाचित भएका छन्। अपाङ्ग संघमा नेपाली कांग्रेसकै दुई प्यानल एक आपसमा भिडेका थिए। संघका पूर्व केन्द्रीय अध्यक्ष धनजुजु श्रेष्ठ र अर्का पक्षको नेतृत्व मोहन महर्जनले गरेका थिए। श्रेष्ठ प्यानलबाटै सभापति निर्वाचित भए।

२६५ जनाको निःशुल्क आँखा जाँच

बिर्तामोड, असोज २३। बिर्तामोड-५ मा भएको निःशुल्क स्वास्थ्य शिविरमा दुई सय ६५ जनाले सेवा लिएका छन्।

बिर्तामोडका संस्थाहरू बालाजी टोल विकास संस्था, नेपाल अग्रवाल महिला मञ्च तथा अग्रसेन भवनले आयोजना गरेको निःशुल्क आँखा शिविरबाट दुई सय ६५ जना आँखाका बिरामीले सेवा पाएका हुन्।

आँखा जाँच गराएका दुई सय ६५ जना मध्ये १५ जनामा मोतियाबिन्दु देखिएकाले उनीहरूको मेची आँखा अस्पताल बिर्तामोडमा निःशुल्क शल्यक्रिया गरिने बालाजी टोल विकास संस्थाका सचिव ज्ञानेन्द्र अधिकारीले जानकारी दिए।

अग्रवाल समाजका कूल प्रवर्तक अग्रसेन महाराजको ५१४७औं जन्मजयन्तीको अवसर पारेर निःशुल्क आँखा शिविरको आयोजना गरिएको हो। बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नगरप्रमुख प्रसाईका आँखा जाँच गरेर शुभारम्भ गरिएको थियो। नेपाल अग्रवाल महिला मञ्चकी अध्यक्ष दिपा खेडियाले नियमित रुपमा आँखा जाँच गराउनबाट वञ्चित भएकाहरुलाई यो स्वास्थ्य शिविर फलदायी हुने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङ, बालाजी टोल निवासी डा. चन्द्र शर्मा दुलाल लगायतले शुभकामना दिएका थिए।

अग्रसेन भवनका अध्यक्ष सुरेशकुमार अग्रवाल भद्रपुरेको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड-५ का वडाध्यक्ष रोहित प्रसाई, बालाजी टोल विकास संस्थाका अध्यक्ष नरेन्द्र अधिकारीको सहभागिता रहेको थियो। शिविरमा मेची आँखा अस्पतालले प्राविधिक सहयोग गरेको जनाइएको छ।

शिक्षा सहकारीको इकाइगत सभा

अर्जुनधारा, असोज २३। बिर्तामोड-४ स्थित शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको इकाइगत साधारण सभा मंगलबारदेखि शुरु भएको छ।

शनिश्चरे सेवा केन्द्रमा रहेका शेयर सदस्यहरुलाई लक्षित गरी अर्जुनधारा-८ स्थित सामुदायिक भवनको सभाहलमा संस्थाका अध्यक्ष सुब्रत न्यौपानेको अध्यक्षतामा आयोजित उक्त सभाको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीले उद्घाटन गरेकी थिइन्। कार्यक्रममा अध्यक्ष न्यौपानेले संस्थाको गत आव २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन, लेखा समितिका संयोजक युवराज निरौलाले लेखा समितिको प्रतिवेदन र संस्थाका उपाध्यक्ष एवम् ऋण उपसमितिका संयोजक हेमराज मिश्रले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए।

प्रस्तुत प्रतिवेदनमा संस्थाको शेयर पूँजी तीन करोड ४९ लाख ८१ हजार रुपैयाँ, कोष हिसाबमा एक करोड ९८ लाख ९४ हजार दुई सय २६ रुपैयाँ ७३ पैसा, बचत संकलन १६ करोड ८४ लाख सात हजार एक सय ५८ रुपैयाँ ७८ पैसा, ऋण लगानी १८ करोड नौ लाख एक सय ९० रुपैयाँ आठ पैसा उल्लेख गरिएको छ। त्यसैगरी संस्थाको जम्मा आम्दानी तीन करोड ८५ लाख ९६ हजार आठ सय ३४ रुपैयाँ ८६ पैसा, जम्मा खर्च तीन करोड ६२ लाख ६६ हजार चार सय १३ रुपैयाँ ४४ पैसा र नाफा २३ लाख ३० हजार चार सय २१ रुपैयाँ ४२ पैसा रहेको छ।

सोही कार्यक्रममा शनिश्चरे सेवाकेन्द्र अन्तर्गत आवधिक बचतकर्तातर्फ भरत धिमाल, शिक्षा बचतकर्तातर्फ त्रिमेश दाहाल र असल ऋण कारोबारतर्फ लक्ष्मी तामाङलाई सम्मानपत्र र नगद पुरस्कारसहित सम्मान गरिएको थियो। संस्थाका उपाध्यक्ष मिश्रले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव सूर्यकुमार खतिवडाले गरेका थिए। सभाले आगामी कात्तिक २ गते हुने साधारणसभाको अन्तिम माइन्यूट प्रमाणीकरण कार्यक्रमका लागि प्रतिनिधि छनौट गर्ने बताइएको छ।

शनिश्चरे क्याम्पसमा रास्वपाको ध्यानाकर्षण

अर्जुनधारा, असोज २३। राष्ट्रिय स्वतन्त्र पार्टी अर्जुनधारा नगर समितिले अर्जुनधारा-७ स्थित शनिश्चरे बहुमुखी क्याम्पस प्रशासनलाई मंगलबार ध्यानाकर्षण पत्र बुझाएको छ।

पार्टी नगर समिति सदस्य विजय कुँवर नेतृत्वको टोलीले क्याम्पस प्रमुख मोहनप्रसाद ओलीलाई उक्त ध्यानाकर्षण पत्र बुझाएको हो।

ध्यानाकर्षण पत्रमा क्याम्पसमा विगत केही महिनादेखि नियमित एवम् प्रभावकारी शिक्षण नभएको, क्याम्पस प्रशासन फितलो रहेको, प्राध्यापक एवम् कर्मचारीहरुलाई नियमित रुपमा तलब भुक्तान नभएको, सम्बन्धित सबै पक्षहरु बीच तालमेल नभएको लगायतका बुँदाहरु उल्लेख गरेका छन्।

त्यसैगरी कुनै पनि व्यक्ति, पार्टीबाट अनावश्यक प्रभावमा परेर विद्यार्थीहरुको भविष्यमा खेलवाड हुनेखालको कुनै कार्य नगर्न क्याम्पस प्रशासनलाई पत्रमार्फत् पार्टीले अनुरोध गरेको छ।

पार्टीले बुझाएको ध्यानाकर्षण पत्रको विषयमा आफूहरु गम्भीर छलफल गरी सचेत भएर कार्य गर्ने क्याम्पस प्रमुख ओलीलाई उदृत गर्दै सदस्य कुँवरले बताए।

ताप्लेजुङ - पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-
जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०७०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५
नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापामै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट क्लक भएमा सर्भिसको व्यवस्था छ।

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४ झापा

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

डेंगीबाट बचौं

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, झापा

UAE मा रोजगार | कम्पनी: LATINEM FACILITIES MANAGEMENT L.LC. शहर : UAE

पूर्व स्वीकृत मिति: २०७९/०९/२२ चलानी नं.: ६०१९४५५१ LT. No.: 278767 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रु.							
1.	Cleaner	35	0	सम्बन्धित काममा दक्ष	800	२८,५४४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Room Attandants	11	0		1200	४३,४१६							

फाइनल अन्तरवार्ता असोज २९ गते (Oct 16)का दिन कम्पनीको प्रतिनिधिबाट होटल सिद्धार्थ बिर्तामोडमा हुनेछ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
समय त्यति अनुकूल देखिएन, आज बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नाले मन हर्षित हुनेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, आज पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
मन प्रशन्न रहने छ, धन तथा स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
बोलिमा विचार पुऱ्याउनु होला, रामै्र बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

मीन (दि, दी, दु, थ, झ, ञ, दे, दो, च, चि) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।